नेपाली राजदूतावास
*Embassy of Nepal*
*Berlin, Germany*

# प्रेश विज्ञप्ति

मानवतस्करहरूको प्रलोभनमा परि मोल्डोभा हुँदै युक्रेन प्रवेश गरी त्यहाँको अध्यागमन कानून उल्लघंनको कसुरमा विगत केही महिना देखि युक्रेनको Immigration Detention Center मा राखिएका दुई नेपाली नागरिकहरूलाई यस राजदूतावासको अथक प्रयास पछि युक्रेनका बोर्डर गार्ड तथा अध्यागमन अधिकारीहरू तथा मोल्डोभाको अध्यागमन विभागका साथै गैरआवासीय नेपाली संघ, जर्मनीको समेत सहयोगमा उद्धार गरी हिजो, १८ सेप्टेम्बर २०२५ का दिन मोल्डोभाको चिसानाउस्थित विमानस्थलबाट सकुशल नेपाल पठाइएको छ।

विषम परिस्थितिमा रहेको मुलुक युक्रेनमा विभिन्न प्रलोभनमा परी वा स्वेच्छाले युक्रेनको यस्तो जटिल अवस्थाबाट फाइदा लिई युरोपका अन्य मुलुकमा प्रवेश गरी पलायन हुनसक्नेजस्ता मानवतस्करहरूको भ्रामक प्रलोभनमा परि गैर कानूनी रुपमा अझ पनि छिटपुट रूपमा केही नेपालीहरू युक्रेन प्रवेश गर्नेगरेको देखिएको छ।

गैर कानूनी रुपमा युक्रेन प्रवेश गर्ने कुनै पनि नेपालीलाई त्यहाँबाट युक्रेनसँग सिमाना जोडिएका कुनै पनि मुलुकमा जान सम्बन्धित मुलुकको युक्रेनस्थित दूतावास वा सिमानामा रहेको अध्यागमन कार्यालयले प्रवेशाज्ञा (Visa) जारी नगर्ने र युक्रेनमा हाल अन्तर्राष्ट्रिय उडानसमेत स्थगित भएको सन्दर्भमा यस राजदूतावासबाट यात्रा अनुमतिपत्र जारी भई त्यहाँबाट सिधै उद्धार गर्नसक्ने अवस्था समेत नभएकोले कुनै पनि नेपाली नागरिकले कसैको प्रलोभनमा परी वा स्वेच्छाले कुनै पनि माध्यामबाट युक्रेन प्रवेश नगर्न यस राजदूतावास सबैलाई पुनः अनुरोध गर्दछ।

यस राजदूतावासले मिति २०७९ फागुन १० (२२ फेब्रुअरी २०२३) मा एक अत्यन्त जरुरी सूचना मार्फत यसबारेमा सम्बन्धित सबैलाई सचेत गराइसकेको व्यहोरा समेत पुनः स्मरण गराइन्छ।

नेपाली राजदूतावास
बर्लिन, जर्मनी ।
मिति २०८२ असोज ०३ (१९ सेप्टेम्बर २०२५)

Guerickestrasse 27, 10587 Berlin, Germany, Tel: +49 (030) 34 35 99 -20, Fax: +49 (030) 34 35 99 -06
Email: berlin@nepalembassy.de, Web: https://de.nepalembassy.gov.np